# एउटा पराजित निश्छल ईच्छा

नवराज सुब्बा

"के तपाईले एउटा कुरा बिचार गर्नु भएको छ?"
" के हँ ?"
कुनै गम्भिर विषय वस्तु हो कि भनेर एक्कासी कुरा कोट्याउने मेरी श्रीमति तर्फ जिज्ञासु बन्दै प्रतिप्रश्न गर्दछु। उनी भन्छिन् :- "जब कुनै चाडपर्व आउँछ तब यो निश्छल (कान्छो छोरो) बिरामी हुन्छ। अस्तिको चोटि बूढासुब्बा जाँदा धरानमा नपाइएकाले दर्शन मात्र गरेर फर्कनु पर्‍यो। एक जोडी परेवा चढाउने भनेर भाकल गरिएको छ। जब जब निश्छल बिरामी पर्छ तपाई घर नहँदा मलाई असाध्यै डर लाग्छ। बूढासुब्बालाई भाकल गरिए बमोजिम परेवा चढाएमा कतै छोरालाई रोगादीबाट राहत मिल्थ्यो होला। तपाई यसरी घर आएको बेला बूढासुब्बा मन्दिर (धरान) एक पटक जानु पर्ने ?"

कान्छो छोरो निश्छल जब जन्मेथ्यो ठिक त्यहि बेला मेरो सरुवा (जागिरको क्रममा) अति दूर्गम खोटाङ्ग (दिक्तेल) भएको थियो। आज निश्छल करिव डेढ वर्षको भयो। करिव १/२ महिनामा घर झर्ने क्रममा यसपटक यो माघको मध्यतिर म आफ्नो घर बिराटनगर झरेको छु। बिहानको चिया पिउँदै गर्दा यसरी श्रीमतिले धरान जाने कुरा निकाल्दा म झल्यास्स भएँ। अतितका केही सम्झना मनमा हुडलिन थाले। निश्छल आमाको पेटमैं हँदा उसकी आमाले भाकल गरे बमोजिम २ पटक जति कुखुराको भाले चढाईयो। त्यसैबेला मैले मनमनै गुनेंथें - यसरी कहिले दशैं कहिले भाकलको निहुँमा धेरै कुखुराहरु भोग चढाई सकियो। टाउको पूजारीलाई छाडेर देउताको नाउँमा मासु खाईयो। यसरी हरेक पूजामा दिनहुँ काटमार गरिएका पशुपंछिको राश देख्दा ती निरीह जीवहरुलाई बलि चढाएर धर्म प्राप्तिको आत्मसन्तुष्टि लिनु मलाई उचित लागेन। अव उप्रान्त यहाँ आउँदा एक जोडी परेवा ल्याएर ईश्वर (बूढासुब्बाको) नाउँमा सुस्वास्थ्यको कामना गर्दै स्वयम् निश्छलको कोमल हातबाट कुनै अमूक तथा निर्दोष परेवाका जोडीलाई बन्धनमुक्त गरेर खुल्ला निलो आकाशमा स्वतन्त्र गरिदिनु नै धर्मप्राप्तिको राम्रो उपाय हुनसक्छ। यहि अठोटका साथ त्यसैबेला मैले मेरी श्रीमतिलाई प्रस्तावित गरेथें :- "हेर चञ्चला, यसरी पशु पंछिलाई ल्याएर भोग दिनु भन्दा परेवाको एक जोडी ल्याएर मंदिर वरिपरि छाडिदिनु नै राम्रो लाग्यो मलाई त ?"

त्यसैबेला मेरो प्रस्तावलाई श्वीकार गर्दै उनले समर्थन जनाईन - "ठिकै छ नी, परेवा ल्याई निश्छल कै हातबाट परेवा छाडौं न त। यस्तो चलन पनि छ। राम्रै हुन्छ।"

हो त्यसैबेला नै मैले कल्पेथें त्यो बूढासुब्बा, दन्तकाली, पिण्डेश्वरी वरिपरिको रमणीय जंगलमा हामीले छाडेका परेवाका जोडी माथि माथि आकाशमा उड्दै जंगल, खोला, खहरे चाहार्ने छन्। शायद मायाप्रिति गास्नेछन् अनि नयाँ संसार बसाउने छन्। कहिले धरान बजारको रमझमको रमिता हेर्दै हुन् र फर्कदा खोला, बगर, जंगल, खोल्सामा लुकामारी खेल्दै निर्मल निलो आकाशमा कावा खाँदै गर्दा शायद तिनै परेवालाई हामी तल भुईबाट अर्थात कतै परबाट लुकेर च्याउदै हर्नेछौ .....ऊ .. त्यो... सेतो परेवाको जोडी ... हामीले छाडेको ... त्यही हो।"

यसरी साँचिएको भाकल सम्बन्धि कुरा कोट्याउँदा तिनै कुराहरु मनभरी बादल जस्तै मडारिन थाल्यो। एउटा म र अर्को उस्की आमा भएर निश्छलका कोमल हातमा एक जोडी सेता परेवा राखिदिन्छौं। उड्न आतुर ती परेवाहरु उडाउन निश्छललाई उस्को दाजु कौशलले मद्दत गर्दछ। बिचरा परेवाहरु स्वतन्त्र भए, जीवन दान पाए। उड्दै माथि माथि आकाशमा बिलिन भए। यता निश्छल भने हराएका ती परेवाहरु पुनः डाक्न चाहन्थ्यो, बिलाएर गएका परेवाहरु नियाल्न नसकेर ऊ एकछिन रोयो। ....अरे ऊ परेवाहरु पुनः देखा परे। ती परेवाहरु त हामीतिरै पो बतासिएर आउँदैछन। हामी एकतमासले ती परेवाहरु हेरिरहेछौं। हाम्रो नजिकैबाट बतासिँदै मन्दिरको छानामा बस्छन् र हामीतिर टुलुटुलु हेर्दै केही बोल्न खोजे झैं लाग्छ। हामी एक टक लाएर हेर्छौं। कानेखुशी गरे। के कुरा गरे होला। ... यस्तो लाग्दथ्यो - 'अब हामी स्वतन्त्र भयौं, खुशी छौं, मतपाईहरुलाई धन्यवाद' , यति भने झैं गरेर ती दुवै भुर्रर उडेर गए। यसरी मानसपटलमा फिल्मका रीलहरु झैं ती बिम्ब प्रतिबिम्बहरु नै मेरो ईच्छा बनेर मेरो मन भित्रको बनमा अझसम्म बास बसेकै छन्।

आज २०५३ साल माघ १९ गते शनिवार बिहान करिव ८ बजेतिर धरान जाने बसमा बिराटनगर भृकुटी चोकमा चढ्यौं । १० बजेतिर धरान पुग्यौं । बस पार्क नजिकै एक जोडी परेवा किनेर चढ्छौं बिजयपुरको उकालो । यसरी ल्याएको परेवालाई बूढासुब्बाको नाऊमा निश्छलको हातबाट स्वतन्त्र जंङ्गलमा छाड्ने कुराको जानकारी र अनुमतिको लागि मन्दिरकापूजारीलाई सबिस्तार बताउंछु । पूजारीहरुको ४।५ जनाको समूह छ । एक जना पूजारीले मन्दिर बाहिर दक्षिण पट्टिको मन्दिरको पर्खालको फेदमा एउटा सानो झ्याल आकारको खोपि भित्र राखिएका देउताका मूर्तिमा पानी छर्केर मूर्तिमा पग्लेको रंग पूजारीले परेवाको शीरमा दलिदिन्छ । यो क्रम करिव दुई मिनेटमा नै सकिन्छ ।  र अलि तल लगेर परेवाहरु उडाउने अनुमति दिईन्छ । मन्दिर देखि तल दक्षिणतिर अवस्थित चौतारा जस्तै खुल्ला ठाउँमा झर्छौं । निश्छलका हातबाट ती दुई परेवाहरु हामी आमाबूबा, दाजुको सहयोगमा उड्छन् । तर बन्धनमा बस्दा बस्दा कुँजिएर हो हामीले सोचे जस्तो एक्कासी आकाशमा भुर्रर उडेर जान सक्दैनन् , उडेर अलि पर जान्छन् र एकछिन पछि पुनः हिड्दै हामीतिरै आउँछन् । ती परेवाहरुलाई पुनः समातेर अलि माथि उँचाईमा पुग्नेगरी हुत्याई दिन म र चन्चला परेवा तर्फ लम्कन्छौ । “ए , अब ती परेवाहरु नचलाऊनोस्, हामी नै हेर्छौं ।” पूजारीको यो खबरलारीले हामी अनायास रोक्किन्छौं । र छक्क पर्दै मुख हेराहेर गर्दछौं । खुट्टामा ठेस लाग्छ , मुटुमा चस्स गर्छ ।

पूजारीले यत्ति भने पछि हामलि परेवा समातेर सोचे झैं माथि माथि उडाउने हिम्मत गरेनौं । तर कमसेकम परेवा कभर गर्ने गरी निश्छलको फोटो खिच्ने अभिप्रायले क्यामेरा लिन म अलि माथि चौतारामा राखिएको झोला तिर लम्कन्छु । क्यामेरा लिएर आउन त्यस्तै ३।४ मिनेट जति लाग्यो होला । क्यामेराको लेन्स खोल्दै खिच्ने कम्पोजिसन मिलाउँदै अघि परेवा छाडिएको ठाऊँ तर्फ लम्कन्छु । मेरा आँखाले तिनै परेवाहरु खोजेको थाहा पाएर होला शायद, चन्चला मलाई जनाऊ दिन्छिन् - “परेवा त ऊ त्यहाँ ” मैले अनायास उनले देखाए तिर आँखा दौडाएं । आम्रा परेवाहरुलाई पूजारीहरु मध्ये एक जना हेर्दा बूढो, अलि होचो डल्लो जिउडालको पूजारीले अलि पर धारा सामुन्नेको बाँसघारीको फेदमा अड्याएर राखेको डोको भित्र मैले देख्दा देख्दै हाल्छ र बोरा वा बर्कोले छोप्छ । अनि फटाफट मन्दिरतिर उकालो चढ्छ । म केवल टुलुटुलु हेर्न विवस छु । मेरा अनुहारमा देखिएका आश्चर्य र आक्रोशका रेखाहरु देखेर होला चञ्चलाले मलाई सम्झाईन “भैगो क्यै नभन्नोस, यसरी चढाईसके पछि हामीले क्यै बोल्न हुदैन । हामीले हाम्रो कर्तब्य पूरा गऱ्यौ ।” म किंकर्तब्यबिमूढ छु । अवाक छु । १४ वर्षदेखि मेरा बानिबेहोरा सित परिचित मेरी पत्नि मेरा क्रोध शान्त गराउन, चित्त बुझाउन अझ संझाउन थाल्छिन -“हेर्नोस हामीले उडाए पनि त ती परेवाहरुलाई कसैले गेट्टिसले झार्न सक्छ । बाजले खान पनि त सक्छ ।”

डोकोमा परेवा हालेर छोप्ने पूजारीको हाउभाउ, जिउडाल नियालि सकेंछु शायद मेरा आँखा मन्दिर तर्फ ठोक्किए । पूजारी वर्गका ४।५ जना मन्दिोरको दक्षिण तर्फको पेटिमा उभिएर यत्तिञ्जेल मलाई नै क्वारक्वार्ति हेरिरहेका छन् । शायद मेरा प्रतिक्रियाको निरीक्षण गरिरहेछन् । ठिक यत्तिबेला मलाई चञ्चलाले भनेका गेट्टिसवाला शिकारीहरुको प्रतिबिम्ब तिनै पूजारीहरुको अनुहारमा पाएँ, ऊनीहरुको हत्केलामा बाजको पञ्जा देखें । मेरा हातखुट्टा त्यसै गलेर आयो । लामो सास तानें । ...

यस्तै असन्तोष र अतृप्त गरुङ्गो पाईला चाल्दै बूढासुब्बा मन्दिरबाट फर्कन्छौ । खुट्टा दुख्छन् । ओरालो हिड्न पनि मन लाग्दैन । विजयपुर चोकमा पुगेर चिया पिउछौं । धरान झर्न अघि एकपटक बूढासुब्बा फर्किहेरें । बाँसको झ्याङ्ग डम्म छ, जंगल झ्याम्म छ, आकाश धुम्म छ, खै आज त एउटै परेवा पंछि पनि आकाशमा उडेको देख्दिन । निश्छल एक्कासि रुन्छ म झस्कन्छु । गर्मी भएछ क्यार । साथको टुम्लेटबाट पानी निश्छललाई पिलाउँछु र म पनि पिउँछु । तर खै मेरो प्यास मेटिएन ...

बिराटनगर (२०५३।१०।२०)

अस्तु ।